नेपाल उद्योग वाणिज्य महासंघ


# आर्थिक वर्ष २०७८-७९ को बजेट एवं आर्थिक ऐनका सम्बन्धमा सुझाव

२०७८ बैशाख १२ गते, आइतबार

कोभिड-१९ ले अर्थतन्त्र र समाजिक जीवनमा पारेको असरलाई न्यूनिकरण गर्दै **राष्ट्रिय आर्थिक रुपान्तरण २०३० अनुसार आर्थिक वृद्धि र रोजगारी हासिल हुने गरि नीति र कार्यक्रम यसै बर्षको संघीय बजेटदेखि समावेश गरिनुपर्ने।**

## कुल ग्राहस्थ्य उत्पादनको बृद्धि

- हाल अर्थतन्त्रको आकार : US $33 Billion
- राष्ट्रिय आर्थिक रुपान्तरणको कार्यान्वयनपछि अर्थतन्त्रको आकार सन् २०३० को अनुमान : US $108 Billion
- आर्थिक वृद्धिदर सन २०२२ मा १०.४ प्रतिशत पुग्ने ।




## बजेटका प्राथमिकता

- महामारी नियन्त्रण एवं स्वास्थ्य सेवा विस्तार
- प्रभावकारी राहत र पुनरुत्थान कार्यक्रम
- कृषि इकोसिस्टमको पुर्नसंरचना
- सार्वजनिक सेवामा प्रविधि र सुशासन
- पूर्वाधार विकास
- निजी क्षेत्र प्रोत्साहन विशेष कार्यक्रम ।



## महामारी नियन्त्रण एवं स्वास्थ्य सेवा विस्तार

- स्थानीय तहले अनुकुल ठाउँहरुको पहिचान गरी न्यूनतम सुविधा सहतिका आइसोलेसन, क्वरेन्टीन, अकास्मिक कक्ष र अस्थायी अस्पताल निर्माण गर्नुपर्ने
- स्थानीय तह लक्षित स्वास्थ्य पूर्वाधार विकास
- भारत लगायत खोप निर्माता मुलुकसंगको कुटनीति पहल मार्फत बढिभन्दा बढि खोप ल्याएर वितरण गरिनुपर्ने
- व्यवसायी, निजी क्षेत्रका कर्मचारी लगायत सम्पूर्ण जनतालाई खोपको व्यवस्था गर्नुपर्ने ।

## प्रभावकारी राहत र पुनरुत्थान कार्यक्रम

- कोरोनाबाट प्रभावित लघु, घरेलु तथा साना उद्योग, पर्यटन, मनोरञ्जन, सार्वजनिक यातायात, चलचित्र उद्योग, हस्तकला, तयारी पोशाक, कपडा, निजी विद्यालय, व्युटि पार्लर, हेल्थ सेन्टर, संचार गृह, निर्माणधीन जलविद्युत आयोजना, निर्यातजन्य उद्योग, विज्ञापन सेवा, बैदेशिक रोजगार लगायत प्रभावित व्यवसायलाई सरकारद्वारा गत बर्ष घोषणा भएका बैंकिग लगायतसबै सहुलियत कम्तीमा दुई वर्ष थप्नुपर्ने
- कर्जाको पुर्नतालिकीकरण र पुर्नसंरचनाको अवधि थप एक वर्ष गर्नुपर्ने
- लघु घरेलु र साना व्यवसायीलाई व्यवसाय निरन्तरता कर्जा लिन कठिन भइरहेको अवस्थामा प्रक्रिया सरलिकरण गरी एक वर्ष समय थप गर्नुपर्ने ।

## प्रभावकारी राहत र पुनरुत्थान कार्यक्रम

- स्वदेश एबं विदेशबाट गाउँ फर्किएका व्यक्तिको लगत संकलन गर्ने र उनीहरु कुनै उद्यम गर्न चाहन्छन भने उनीहरुको पूँजी र क्षमता अनुसार सहजीकरण स्थानीय तहले गर्नुपर्ने
- नगद अनुदानको सट्टा प्रधानमन्त्री रोजगार कार्यक्रम जस्ता योजनासंग जोडेर कामसंगै राहत उपलब्ध गराउनु उपयुक्त हुन्छ ।

## कृषि इकोसिस्टम पुर्नसंरचना



- प्रत्येक गाउँपालिकामा स्थानिय तह समेतको सहभागितामा कम्तीमा एक कृषि बजार र भण्डारण केन्द्र स्थापना गर्नुपर्ने
- इ- हाटबजार । मोबाइल एप वा एसएमएस मार्फत पालिकास्थित कृषि शाखा मार्फत कृषि उपजको दैनिक मुल्य एवं अन्य जानकारी उपलब्ध गराउनुपर्ने
- बैंक शाखाबाट कम्तीमा १० जनालाई कृषि वा SME ऋण उपलब्ध गराउनुपर्ने गत बर्षको बजेटमा उल्लेखित कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने
- निजी क्षेत्रले पनि रसायनिक मल सरकारी सरह अनुदान सहित आयात गरि बिक्रि वितरण गर्न पाउनुपर्ने ।

## कृषि इकोसिस्टम पुर्नसंरचना



- कृषिमा गइरहेको अनुदानको दुरुपयोग रोक्न डिजिटल माध्यमको प्रयोग गर्नुपर्ने । उत्पादकत्व र गुणस्तरको आधारमा कृषिमा अनुदानको व्यवस्था गर्नुपर्ने । वैज्ञानिक तरिकाबाट सरकारले नै कृषि उपजको उत्पादकत्व र गुणस्तर ठाउँ अनुसार तोक्नुपर्ने
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र युवा स्वरोजगार कार्यक्रमलाई उच्च मुल्य अभिवृद्धि हुने स्थान र वस्तुमा मात्र केन्द्रित गर्नुपर्ने
- राजमार्ग वरिपरि फलफूल खेतीलाई प्रवर्द्धन गर्नुपर्ने । (Fruit Corridor)

## कृषि इकोसिस्टम पुर्नसंरचना



- जग्गाको हदवन्दीको व्यवस्था खारेज गर्नुपर्ने
- करार खेती र चक्लावन्दी सम्बन्धि नियमावली आवश्यक छ
- कृषि उपजको न्युनतम समर्थन मुल्य तोकिनुपर्ने
- कृषि उपजमा संलग्न संस्था (कर्पोरेट) को आयमा कर छुट हुनुपर्ने
- कृषि, पशुपन्छी, बन पैदावर र जडीबुटी प्रशोधन उद्योगलाई सहुलियत व्याजदरमा कर्जा उपलब्ध गराउनुपर्ने
- बनको उपयोग, व्यवसायिकरण, बजारीकरण गर्दै बन क्षेत्रको व्यवस्थित विकासका साथै पर्यटन पुर्वाधारका रुपमा समेत उपयोग गर्नु पर्ने । काठको बिक्री वितरण खुल्ला गरिनु पर्ने ।

## सार्वजनिक सेवामा प्रविधि र सुशासन

- हरेक पालिकामा तिब्र गतिको इन्टरनेट सेवाको पहुँच
- गरिव परिवारका बालबच्चालाई निशुल्क कम्प्युटर र इन्टरनेट स्थानीय सरकार मार्फत उपलब्ध गराउनु पर्ने
- सर्वसाधारण र व्यवसायीले सरकारसंग लिने सम्पूर्ण सेवा र भुक्तानी डिजिटल माध्यमबाट उपलब्ध गराउने
- टेलिमेडिसिन र डिजिटल हेल्थ केयरको विस्तार
- फिनटेक र ई कमर्सको इकोसिस्टम प्रवर्द्धन
- सार्वजनिक सेवामा प्रविधि र सुशासनका बिषयमा भएको प्रगति हरेक ३ महिनामा सम्बन्धित निकायले सार्वजनिक गर्नुपर्ने ।

## सार्वजनिक सेवामा प्रविधि र सुशासन

- बजार अनुगमन प्रक्रिया मर्यादित हुनुपर्‍यो र एकद्वार अनुगमन हुनुपर्ने साथै सो अनुगमन प्रक्रिया नापतौल गुणस्तर र आपूर्ति केन्द्रित मात्रै हुनुपर्ने
- खुल्ला बजारमा वस्तुको मूल्य माग र आपूर्तिले निर्धारण गर्ने भएकोले मुल्य केन्द्रित अनुगमन आवश्यक नरहेको
- कम्पनी रजिष्ट्रारको कार्यालयको जरिवाना अत्याधिक भएकोकाले घटाउनुपर्ने
- सर्वसाधारण र व्यवसायीसंग प्रत्यक्ष सरोकार भएका सरकारी निकायले कुनै पनि सेवा दिन सकिने वा नसकिनेबारे तीन दिनभित्र सम्बन्धितलाई जानकारी गराउनुपर्ने
- निजी क्षेत्रसंग प्रत्यक्ष सरोकार भएका नीति ऐन नियम बनाउदा अनिवार्य रुपमा निजी क्षेत्रसंग छलफल गरेर मात्रै बनाउनुपर्ने

## पूर्वाधार



- पूर्व पश्चिम रेलमार्ग प्राथमिकताका साथ निर्माण
- निजगढ विमानस्थल निर्वाध निर्माण
- सिमेन्ट र कंक्रिट सडकको आयु लामो अवधिको हुने भएकोले सोहि अनुसारको सडक निर्माणको नीति अवलम्बन गर्नुपर्ने ।

- राष्ट्रिय गौरबका आयोजनामा जग्गा, वन, वैदेशिक सहायता, व्यवस्थापकीय कमजोरी लगायतका बहुआयामिक समस्या भएकोले यी आयोजनाको कार्यान्वयन मोडालिटिमा पुर्नसंरचना गर्नुपर्ने । आयोजनाको संख्या आधा घटाउनुपर्ने ।
- भैरहवा र बिराटनगरमा रेलमार्गमा आधारित सुक्खा वन्दरगाह निर्माण गर्नुपर्ने
- घोषणा भएका सबै स्थानमा एकिकृत जाँच चौकिको सिघ्र निर्माण गर्नुपर्ने
- उत्तरी नाका केरुङ्ग र तातोपानी बाह्रै महिना संचालन हुने गरि सडक लगायतका पुर्वाधार निर्माण

## औद्योगिक पूर्वाधार

- प्रदेश तहमा घोषणा गरिएको औद्योगिक क्षेत्रहरु आर्थिक बर्ष २०७८-७९ बाट संचालनमा ल्याउनुपर्ने
- स्थानीय, प्रदेश र केन्द्र सरकारले अन्यत्रपनि सहुलियत दरमा उद्योगलाई जग्गा तथा बनको जग्गा लिजमा उपलब्ध गराउनुपर्ने
- बनको जग्गा लिजमा दिदा जग्गाको सट्टा जग्गा दिने व्यवस्था खारेज गर्नुपर्ने
- विशेष आर्थिक क्षेत्र ऐनले दिएको सुविधा पूर्णतया लागु हुनुपर्ने
- विशेष आर्थिक क्षेत्र, औद्योगिक क्षेत्र, निर्यात प्रसोधन जोन, आइटी पार्क समेतको प्रवर्द्धन गर्ने गरि शक्तिसम्पन्न स्वतन्त्र नियमन एवं प्रवर्द्धन निकाय स्थापना गर्नुपर्ने ।

## उद्योग

- निर्यात बृद्धि र आयात प्रतिस्थापनको सम्भावना भएका वस्तुको पहिचान सरकार र निजी क्षेत्रको सहकार्यमा हुनुपर्ने
- कच्चा पदार्थमा लाग्ने भन्सार महसुल तयारी वस्तु भन्दा दुइ तह कम हुनुपर्ने
- सरकारले चलाइरहेका उद्योग व्यवसाय क्रमश: आवश्यक मोडालिटि अपनाइ निजीकरण गर्नुपर्ने
- TOD मिटरको दर रेटहरु लाई राती ९ बजे देखि सस्तो हुनेगरी बढी बैज्ञानिक बनाउनुपर्ने
- हिउँदमा चार महिना अवधिको बिजुली दर रेट हाल बढीरहेकोले अन्य बाँकी आठ महिना सरह लागु हुनुपर्ने
- उर्जाको खपत बढि गर्ने उद्योगलाई समानुपातिक रुपमा महसुल कम गर्दै जाने व्यवस्था र औद्योगिक खपतको उर्जाको दर कम हुनुपर्ने



## उद्योग

- IEE र EIA को प्रक्रिया सरलीकृत गर्नुपर्ने, वातवरणको निश्चित मापदण्ड तयार पारी उद्योगहरुको IEE को व्यवस्था खारेज गर्नुपर्ने
- पूर्व घोषित स्वदेशी उद्योग प्रवर्द्धन नीति कार्यान्वयन हुनुपर्ने
- निजी विद्युत आयोजनाबाट उत्पादित बिजुली व्हीलिग चार्ज तिरेर सिधै उद्योगलाई बेच्न पाउने व्यवस्था हुनुपर्ने
- उद्योगको लागि जग्गा खरिदगर्दा जग्गाको हदबन्दी खारेज गर्नुपर्ने
- डिमाण्ड शुल्क छुट हुनुपर्ने
- उद्योगले स्वलगानी मार्फत पूँजी बृद्धि गरेमा आयकर छुटको व्यवस्था हुनुपर्ने
- एउटा कसुरमा एक कानूनबाटमात्र सजाय गर्नुपर्ने । पहिला थुन पछि सुन प्रबृति अन्त्य गरी Anticipatory bail को व्यवस्था गर्नुपर्ने



## रुग्ण उद्योग



- सरकारी रुग्ण उद्योग सरकारको स्वामित्वमा नै रहनेगरी बैकल्पीक उद्योग तथा रोजगारी सृजनाको कार्यमा उपयोग गर्नुपर्ने ।
- निजी क्षेत्रका सम्भाव्य नदेखिएका उद्योगहरुलाई सरल तरिकाले बन्द गर्न न्युनतम दायित्व हुनेगरी बन्द गर्ने वा एक आपसमा गाभिन चाहेमा बैंक वित्तीय संस्थालाई उपलब्ध सरहकै सुविधा प्रदान गर्नुपर्ने ।
- कोभिडका कारण अझै धेरै उद्योग रुग्ण हुने अवस्था रहेकाले यसै बर्ष यस सम्बन्धी सहज नीति आवश्यक
- रुग्ण उद्योगको हकमा आयकर ऐनको दफा ५७ लागु नहुने
- पुर्नस्थापनाका लागि सरकारले छुट्टै Assets Management Company स्थापना गर्नुपर्ने ।

## स्टार्ट अप प्रवर्द्धन

- नयाँ Startup कम्पनीलाई पाँच वर्षको लागि Tax Holiday दिनुपर्ने
- निजी क्षेत्रको प्रत्यक्ष संलग्नतामा स्टार्ट अप नीति बनाउनुपर्ने
- निजी क्षेत्रलाई प्रोत्साहन स्वरुप स्टर्टअपमा रु दुई लाख सम्मको लगानीमा खर्च कट्टी दिनुपर्ने
- सातै प्रदेश र एक केन्द्रमा गरि आठ इन्कुवेसन सेन्टर निजी क्षेत्रको प्रत्यक्ष सहभागितामा संचालन गर्नुपर्ने
- आइडिया म्याराथन मार्फत सबै प्रदेशबाट आएका आइडिया प्रतियोगिता गरि उत्कृट १० लाई जनही रु १० लाखका दरले विउ पूँजी उपलब्ध गराउने ।

## सम्पत्ति अभिलेखीकरण

- सम्पत्ति शुद्धिकरण निवारण ऐन २०६४ लागु हुदा अहिले जस्तो प्रभावकारी लेखा राख्ने व्यवस्था नभएको र धेरैजसो क्षेत्र राजस्वको दायरामा नसमेटिएको वा तत्कालीन अवस्थामा छुट पाइरहेको हुदा हालसम्म उक्त ऐन प्रभावकारी रुपमा कार्यान्वयन हुन सकिरहेको छैन
- ऐनको प्रभावकारी कार्यान्वयनका लागि आर्थिक बर्ष २०७८-७९ मा एक पटक सम्पत्ति अभिलेखीकरणको अवसर प्रदान गर्नुपर्ने ।

## निर्यात प्रवर्द्धन




- सरकार र महासंघको सहकार्यमा LDC स्तरोन्नती रणनीति बनाउनु पर्ने । स्तरोन्नती पछिको १२ वर्ष सम्म पनि सुविधा पाउनेगरी विश्व व्यापार संगठनमा पैरवी गर्नुपर्ने ।
- निजी क्षेत्रसंगको सहकार्यमा एनटिआइएस परिमार्जन गरिनुपर्ने
- निर्यातमा मूल्य अभिबृद्धिको आधारमा नगद प्रोत्साहन १० प्रतिशत सम्म हुनुपर्ने
- भारत निकासीमा पनि नगद प्रोत्साहन दिनुपर्ने
- निर्यात भुक्तानी प्राप्त भएको बैंकबाट नै सम्वन्धित उद्योग व्यवसायसायीको बैक खातामा नगद प्रोत्साहन जम्माको व्यवस्था हुनुपर्ने
- औद्योगिक व्यवसाय ऐनमा भएको Duty Drawback को समदर सम्बन्धित भन्सार कार्यालयले ३० दिनभित्र तोकी निर्यातकर्तालाई फिर्ता दिनुपर्ने

## निर्यात प्रवर्द्धन

- निर्यात उद्योगहरुलाई पुर्नकर्जाको व्यवस्था सरलिकरण गर्नुपर्ने
- उद्योगहरुले कर छुट प्राप्त परियोजनाहरुमा गरेको आपूर्तिको भुक्तानीमा निकासी सरह (Deemed Export) सुविधा दिनु पर्ने
- स्वदेशी उत्पादनको वौद्धिक सम्पत्ति संरक्षण र प्रवर्द्धनको नीति अवलम्बन गर्नुपर्ने
- कच्चापदार्थ, सहायक कच्चापदार्थ र प्याकेजिङ्ग मेटेरियल्समा तिरेरका अन्तःशुल्क फिर्ताको व्यवस्था हुनुपर्ने
- विदेशमा गरिने निर्यात वापतको विदेशी मुद्रा आर्जनमा हुने जोखिमलाई न्युनिकरण गर्न Export Credit Insurance (ECI) को व्यवस्था लागू गर्नु पर्ने । बजारको रियल टाइम सूचना प्राप्त गर्न सकिने प्रविधि बिकास गर्नुपर्ने
- भारत जस्तै नेपालबाट हुने निर्यातमा सुबिधा पाउने गरी चीनसंग द्धिपक्षिय व्यापार सम्झौता गर्नुपर्ने ।

## निर्यात प्रवर्द्धन

- अन्तर्राष्ट्रिय बजारमा नेपाली बस्तुको निकासी बढाउनका साथै सहज र भरपर्दो रुपमा भुक्तानी प्राप्त गर्नको लागि PayPal on-line payment system को व्यवस्था हुन पर्ने र online payment (e-commerce) को लागि हुलाक मार्पत courier वाट पठाउने सामानको लागि तौल बढाएर पठाउनु पाउंनु पर्ने । यसको लागि विदेशी विनिमय नियमन ऐन २०१९ लाई परीमार्जन गरी यस सम्बन्धी नयां व्यवस्था लागु गर्नु पर्ने ।
- Certificate of Origin लाई विद्युतीय माध्यमबाट जारि गर्ने व्यवस्था गर्नुपर्ने ।

## पर्यटन



- शिक्षा र स्वास्थ्य पर्यटनका लागि मध्यपहाडी लोकमार्गसंग जोडिएका अर्धशहरी भूभाग एवं सिमा क्षेत्रमा उच्चस्तरिय शैक्षिक संस्था एवं शिक्षण अस्पताल निर्माण गरिनुपर्ने
- पर्यटन लगायत अन्य उद्योगले उपभोग गर्ने एल.पी. ग्यांस र डिजेलमा तिरेको मूल्य अभिबृद्धि कर क्रेडिट गर्न पाउने व्यवस्था गर्नुपर्ने
- टुर ट्रेकिङ्ग, र्‍याफ्टिङ र होटलमा बसोवास गर्न आउने पर्यटकहरुलाई आगामी दुइ बर्ष मू.अ. कर नलाग्ने व्यवस्था हुनुपर्ने
- कोभिडको कारण नवीकरण हुन नसकेका पर्यटन व्यवसाय विना जरिवाना नवीकरण गर्न पाउनुपर्ने
- पर्यटन पूर्वाधारमा जलविद्युत आयोजना एवं सिमेन्ट उद्योग सरह पूर्वाधार बिकास सुविधा दिइनुपर्ने ।

## पर्यटन



- विशेष खाले पर्यटन सेवा जस्तै सभा सम्मेलन (MICE), विवाह, गल्फ, खेलकुद, स्पा, योग, ध्यान, Soft Adventure आदि का लागि विशेष प्याकेज र एकद्धार सेवा प्रदान गर्नुपर्ने
- प्रत्येक प्रदेशमा धार्मीक पर्यटनको गन्तव्य पहिचान गरी सोको विकास र प्रवर्द्धन गर्नुपर्ने
- ८ हजार मिटर भन्दा माथिका हिमाल आरोहण गर्नुपूर्व सो भन्दा तलका कम्तीमा ३ हिमाल आरोहण गरेको हुनुपर्ने
- नेपालमा कानुनी रुपमा उपलब्ध सेवा पर्यटकले उपभोग गर्दा सरकारी निकायबाट अनावश्यक समस्या सिर्जना गर्न नहुने ।

## उर्जा



- उर्जा व्यवस्थापन तथा निकासीको लागि देश भित्र सिघ्र Transmission लाइनहरुको विस्तार तथा निकासी गर्न अन्तरदेशीय Connectivity हुनेगरी Transmission Line हरुको निर्माण गर्नु पर्ने ।
- प्रति मेगावट रु ५० लाख मूल्य अभिबृद्धि कर फिर्ताको व्यवस्था कार्यान्वयन हुनुपर्ने ।
- २०७१ चैत्र मसान्त सम्म व्यवसायिक उत्पादन शुरु गर्ने आयोजनाको हकमा दिइएको Posted Rate लाई नियमित भुक्तानी गर्नुपर्ने ।
- कोभिड १९ को माहामारीले निर्माणधिन आयोजनालाई सहुलियत ऋण उपलब्ध गराउन आवश्यक वित्तीय व्यवस्था गरिनुपर्ने ।
- निजी क्षेत्रवाट निर्माण हुने जलविद्युत आयोजनाहरूको पहुँच मार्ग एवं प्रशारण लाइन निर्माणको लागि आवश्यक वजेटको व्यवस्था गरिनुपर्ने ।
- उद्योग स्थल सम्म विद्युत पुऱ्याउनको लागि आवश्यक फिडर र पूर्वाधरको निर्माण द्रुत गतिमा गर्नुपर्ने र निजी क्षेत्र आफैले गर्न चाहेको खण्डमा सोको खर्च गरी सरकारबाट फिर्ता पाउने व्यवस्था हुनुपर्ने ।

## उर्जा

- उर्जा खपत बढाउन इलेक्ट्रिक भेइकल, चुलो लगायत इलेक्टीक उपकरणको प्रयोग बढाउन भन्सार र अन्तशुल्क दर दुइ बर्ष अघिकै कायम गरिनुपर्ने
- मिलेनियम च्यालेन्ज कर्पोरेसन्स (एमसिसि) कार्यान्वयन गर्नुपर्ने
- मुलुकभित्र खपतको अवस्था र निर्यातको सम्भावनाका आधारमा विद्युत उत्पादन, प्रशारण र वितरण रणनीति बनाउनुपर्ने
- बंगलादेशमा विद्युत निर्यात सहज बनाउन भारत सहित त्रिपक्षीय संयन्त्र निर्माणमा पहल गर्नु पर्ने
- कोभिडबाट सिर्जित समस्याका कारण हाल निर्माणधिन विद्युत आयोजनामा २०८० सम्मका लागि दिइएको सुविधा दुई बर्ष थप गर्नुपर्ने ।



## सूचना प्रविधि



- Digital Signature लाई सरकारी कामकाजमा, कम्पनी रजिष्ट्रारको कार्यालय, कर प्रशासन, सार्वजनिक खरिदको कार्यालय, राष्ट्रिय परिचयपत्र आदियमा प्रयोग गर्नुपर्ने
- सातवटै प्रदेशमा IT, Innovation Park स्थापना गरी Special Economic Zone को मान्यता दिनुपर्ने
- राष्ट्रिय परिचयपत्रको वितरण यसै वर्ष सक्काएर सबै सरकारी सेवा सोहि मार्फत दिने व्यवस्था गर्नुपर्ने ।

## महिला उद्यमशीलता कार्यक्रम

- सातैवटा प्रदेशमा महिला उद्यमीहरुका लागि औद्योगिक ग्रामका साथै महिला उद्यमीहरुबाट उत्पादित वस्तुहरुको विक्री कक्ष स्थापना गरिनु पर्ने ।
- स्थानिय श्रोत साधनको प्रयोग गरी उद्योग संचालन गर्न प्रविधि प्रयोगका लागि तालिमका साथै बजेटको व्यवस्था गरिनु पर्ने ।
- सहुलियत ऋण कार्यक्रमको प्रभावकारी कार्यान्वयन ।

## घरेलु, साना तथा मझौला उद्योग व्यवासाय

- घरेलु, साना मझौला (SMEs) उद्योग व्यवसायको लागि मू.अ. करको विवरण दाखिला गर्ने समय चौमासिक गर्नुपर्ने



- SME निर्यात बिकास कोष स्थापना गरि सहुयित दिइनुपर्ने
- लघु घरेलु र साना व्यवसायीलाई गत बर्ष दिइएको आयकर छुटलाई निरन्तरता दिइनुपर्ने ।
- परियोजना कर्जा सम्भाव्यता अध्ययन महासंघले शुरु गरिसकेको अवस्थामा सरकार विशेषगरि नेपाल राष्ट बैंकको सहकार्य आश्यक छ
- Export House को व्यवस्था ।

## लगानी प्रवर्द्धन



- Double Taxation Avoidance Agreement नभएका मुलुकहरुबाट गैह्र आवासीय नेपालीले रकम ल्याई लगानी गरेमा दोहोरो कर नलग्ने व्यवस्था गर्नुपर्ने
- एकद्वार सेवा केन्द्रलाई प्रभावकारी रुपमा कार्य संचालन गराउनुपर्ने र यसको सेवा Digitalization गर्नुपर्ने
- लगानी सम्बन्धी सम्पूर्ण प्रक्रिया अनलाइन मार्फत पुरागरी ७ दिन भित्र जानकारी गराउनु पर्ने
- पूँजीबजारमा लगानीका बैकल्पीक अवसरहरु पहिचान र प्रवर्द्धन गर्नुपर्ने

## नीतिगत सुधार (निम्न कानुनको परिमार्जन र सुधार)

- कालाबजारी एवम् अन्य सामाजिक अपराध तथा सजाय सम्बन्धी ऐन, २०३२
- राजस्व न्यायाधीकरण ऐन, २०३१
- सार्वजनिक खरिद ऐन २०६३
- उपभोक्ता संरक्षण ऐन, २०७५
- औद्योगिक व्यवसाय ऐन, २०७६
- भूमि ऐन, २०२१
- कम्पनी ऐन, २०६३
- योगदानमा आसामाजिक सुरक्षा कोष ऐन
- प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३
- राजस्व चुहावट ऐन, २०५२
- वातावरण संरक्षण नियमावली

## भन्सार

- भन्सारका दर स्वदेशी उद्योगलाई संरक्षण र विकास गर्ने तर्फ निर्देशित हुनुपर्ने
- उद्योगले मसिन र त्यसका स्पेयर पार्ट्स आयात गर्दा एक प्रतिशत मात्र भन्सार महसुल लाग्ने व्यवस्था गर्नुपर्ने । यही सुविधा रोपवे तथा केवलकारको मेसिनरी र पार्टस आयात गर्दा पनि उपलब्ध गराउनुपर्ने
- भारतको GST का दरहरुलाई बिचार गरी १८ प्रतिशत र सो भन्दा कम दरहरु लाग्ने सामानमा भन्सार महसुल घटाइनुपर्ने आवश्यकता छ
- जाँचपास पछिको (PCA) परिक्षण दुई वर्ष सम्म मात्र गर्न पाउने व्यवस्था गर्नु पर्ने
- भन्सार ऐन २०६४ को दफा ५७ को दण्ड सजाय क्रमश: कम गर्नुपर्ने
- EXIM Code को अवधी पाँच वर्ष हुनुपर्ने । साथै, उद्योगको नामको EXIM Code नवीकरण गर्न नपर्ने व्यवस्था गर्नुपर्ने । EXIM Code बैंक ग्यारेण्टीको व्यवस्था खारेज हुनुपर्ने ।

## भन्सार

- तेश्रो मुलुकमा उत्पादित सामानहरु भारतबाट बीजक जारी गरि नेपाल आयात गर्न पाउने व्यवस्था गरिनुपर्ने
- त्रिभुवन विमान स्थलमा कुरियर मार्फत हुने आयात तथा निर्यातका लागि कम्तिमा ६,००० स्वायर फिट बराबरको कुरियर टर्मिनल भवन निर्माण गर्नुपर्ने
- कारोवार मूल्यलाई मान्यता दिइ सन्दर्भ पुस्तिकालाई वस्तु मूल्यांकनको आधार बनाउन नहुने
- अन्तराष्ट्रिय एचएस कोडलाई मान्यता दिनुपर्ने, लोकल हार्मोनिक कोड पनि बनाउनुपर्ने
- भन्सारमा जाँचपासरोकी बीलबिजको मूल्य हार्मोनिक कोडको फरक ब्याख्या गरी बढी राजस्व लिने प्रवृतिको अन्त्य हुनुपर्ने
- भारतबाट जारी भएको जि.एस.टी. बीजकलाई अनलाइन प्रमाणिकरण गर्न सक्ने गरी भारत सरकारले नेपाललाई Data Integration को दिएको सुबिधा उपयोग गर्नुपर्ने
- वीरगंज स्थित सुख्खा बन्दरगाहमा कंकोर बाहेकका रेल सेवा प्रदायक आउने गरी रेलवे सम्झौता परिर्माजन गर्नुपर्ने ।

## भन्सार

- बिवाद समाधानका लागि निजी क्षेत्रको प्रतिनिधित्व हुने गरी स्थायी प्रकृतिको समितिको व्यवस्था गर्नुपर्ने
- भैरहवा भन्सारमा ICP बन्न समय लागिरहेको छ । भैरहवा भन्सार कार्यालयको भारतीय क्षेत्रमा मालबहाक गाडीको लामो लाइन ७-८ दिन सम्म लाग्ने गरेको कारण डेमरेज तथा डिटेन्सन शुल्क लाग्ने गरेको छ । तसर्थ नेपाल को भूमीमा २०००-२,५०० मालबाहक गाडी अटाउने अस्थायी पार्किङ्गको व्यवस्था गर्नु पर्ने
- सुविधा सम्पन्न अन्तर्राष्ट्रिस्तरको Accredited Laboratories, Quarantine, Fumigation, Dispensing Booth, Cold Room लगायतका भौतिक पूर्वाधारहरु प्रमुख भन्सार नाकाहरुमा हुनु पर्ने
- अमेरिन डलर २०० भन्दाबढीको पार्टस FOC मा पैठारीगर्दा शतप्रतिशत जरिवानाको व्यवस्था खारेज गर्नुपर्ने ।

## आयकर

- व्यक्तिको रु. ७ लाख र दम्पतिको सम्बन्धमा रु ८ लाखको कर छुटको सीमा गर्नु पर्ने
- पारिश्रमिक आयकरको वर्तमान स्ल्याव न्यूनिकरण गरी ५, १५, २५ प्रतिशत गरिनु पर्ने
- बैंक तथा वित्तीय क्षेत्रमा कायम रहेको ३० प्रतिशत करको दरलाई घटाउनुपर्ने
- प्रोप्राइटरसिप फर्मलाई Surcharge नलाग्ने व्यवस्था गर्नुपर्ने
- कार्गो व्यवसायमा लाग्दै आएको TDS हटाउनुपर्ने
- करदाताले माग गरेमा समायोजन पछि बढी भएको TDS, अग्रीम आयकरको रकम ३० दिन भित्र फिर्ता दिनुपर्ने ।

## आयकर

- उर्जा बचत तथा बैकल्पिक उर्जाको प्रयोग र वातावरण संरक्षणको लागि गरेको पूँजीगत लगानी सोही आर्थिक वर्षमा खर्च लेख्न पाउनु पर्ने ।
- दुई वर्ष भन्दा बढीको उधारो संकलन हुन नसकेमा कारोबारको दुई प्रतिशतमा नबढ्नेगरी त्यस्ता Bad Debt रहेका रकमलाई करदाताले चाहेमा Write off गर्ने व्यवस्था गरिनु पर्ने ।
- मोलासिसबाट उत्पादित इएनए सेनिटाइजर, रक्सीको कच्चा पदार्थ भएको हुनाले चिनी उद्योगले उत्पादन गरेको इएनएको छुट्टै आय कायम गरी नोक्सानीमा मिलान नगर्ने व्यवस्था खारेज हुनुपर्ने ।
- औद्योगिक व्यवसाय ऐन २०७६ मा भएको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतको सामाजिक कार्य सम्बन्धित संस्था आफैले खर्च गरि हिसाव अद्यावधिक राख्न पाउनुपर्ने ।

## आयकर

- आयकर ऐनको दफा ५७ र सो संग सम्बन्धित दफा ४० लगायत अन्य दफाहरुलाई खारेज वा पुनरव्याख्या गर्नु पर्ने
- जरिवानाका दरहरु कसुरको आधारमा समानुपातिक बनाई घटाइनु पर्ने
- Full Audit दुई वर्ष भित्र सम्पन्न गरि सक्नुपर्ने
- आन्तरिक राजस्व विभागबाट अनुमति लिएर चार वर्ष पछि पनि अडिट गर्ने हालको प्रक्रियालाई खारेज गर्नुपर्ने
- हालको जरिवानाको ब्याजलाई १५ प्रतिशतबाट घटाएर १० प्रतिशत गरिनु पर्ने
- बाँकी बक्योता रहेको कर निश्चित अवधि (६ वर्ष) भित्र असुल उपर गरिसक्नु पर्ने र सो अवधी पछि सरकारले माग गर्न नपाउने व्यवस्था हुनुपर्ने
- महालेखा परिक्षकको बेरुजुको नाममा करदातालाई त्रसित पार्न नपाइने ।

## मूल्य अभिबृद्धि कर

- मूल्य अभिबृद्धि करको दर १० प्रतिशत कायम गर्नुपर्ने । सर्वसधारणको क्रयशक्ति बढन गइ बजारमा माग सिर्जना हुने
- औद्योगिक इन्धनका रुपमा प्रयोग हुने (डिजेल) र एल.पी. ग्याँसको मूल्य अभिबृद्धि कर क्रेडिट गर्न पाउने व्यवस्था गरिनुपर्ने
- सरकारी निकायसंग गरिने निर्माण तथा मालवस्तु आपूर्तिको ठेक्कामा लाग्ने मू.अ. करको ५० प्रतिशत कर रकम कट्टा गर्ने व्यवस्था खारेज गर्नुपर्ने
- बिक्री नभई कच्चा पदार्थ तथा तयारी मालवस्तुको Date expire हुने भएकोले सरल तरिकाले लगत कट्टा गर्न पाउनुपर्ने
- मूल्य अभिवृद्धि कर माफी भएका बस्तुहरु उत्पादन गर्ने उद्योगले शुन्य दरमा मू.अ. करमा ऐच्छिक रुपमा दर्ता हुनसक्ने व्यवस्था गरिनु पर्ने । साथै, औषधी उद्योगमा प्रयोगहुने कच्चा पदार्थ, सहायक कच्चापदार्थमा नेपालमै खरिदगर्दा मू.अ. कर नलाग्ने व्यवस्था गर्नुपर्ने ।

## मूल्य अभिबृद्धि कर

- Full Audit नगरिकन पनि मूल्य अभिबृद्धि करको Verification Audit को आधारमा मात्र मूल्य अभिबृद्धि करको क्रेडिट रकम फिर्ता गर्ने व्यवस्था हुनुपर्ने
- मू.अ. करको विवरण समय भित्र दाखिला नगरेको कारणले लाग्ने जरिवाना रु एक हजार प्रति महिनालाई घटाई रु १०० गर्नु पर्ने साथै लगातार १२ महिना शुन्य कारोबारको विवरण दाखिला गर्दा मू.अ. कर दर्ता स्वत: खारेज गर्नु पर्ने व्यवस्था भएता पनि सो लागु हुन नसकेको कारणले तत्पश्चात कुनै जरिवाना लगाउन नहुने
- स्थानीय उद्योगहरुको प्रतिस्पर्धी क्षमता बढाउन र समान अवसर (Equal level Playing Field) प्रदान गर्न मू.अ. कर छुट दिनुपर्ने संस्था, निकाय, प्रहरी, सेना, परियोजना आदिलाई छुट्टै सिरिजमा दर्तागरी निजहरुले नै विभागबाट मू.अ. कर फिर्ता दावी गर्ने तथा दिने व्यवस्था गर्नु पर्ने । साथै, स्थानीय उद्योगले मू.अ. कर छुट भएको संस्थालाई बिक्री गरेका सामानमा मु.अ. कर फिर्ताको व्यवस्था हुनुपर्ने
- मू.अ. करको थ्रेसहोल्ड सेवामा ५० लाख र वस्तुमा एक करोड रुपैया पुर्याउनुपर्ने ।

## मूल्य अभिबृद्धि कर

- Reverse VAT क्रेडिट गर्नसक्ने व्यवस्था गर्नुपर्ने (दफा ८.३)
- मू.अ. कर ऐन बमोजिम चार वर्ष अगाडिको कारोबार परिक्षण वा कर निर्धारण गर्न प्रावधान नरहेको हुंदा कुनै पनि निकाय समक्ष सो अवधि भन्दा अगाडिको मू.अ. कर सम्बन्धी कारोबार, बिल बिजक, प्रमाण पेश गर्ने र जिम्मेवारी करदाताको हुनु नपर्ने
- मू.अ. करका जरिवानाका दरहरु कसुरको आधारमा समानुपातिक बनाई घटाइनुपर्ने
- हालको जरिवानाको ब्याजलाई १५ प्रतिशतबाट घटाएर १० प्रतिशत गरिनुपर्ने
- Sanitizer र Disinfectant बनाउन प्रयोग गरिने इथानोलमा अन्तशुल्क र मुअकर छुट
- मिसम्याचको समस्या समाधान गर्नुपर्ने
- कार्गो व्यवसायमा मू.अ. कर लगाउन नहुने ।

## अन्तःशुल्क

- स्वास्थ्यमा प्रत्यक्ष प्रतिकूल असर पार्ने सुर्ती तथा मदिराजन्य र सवारी साधन बाहेक अन्य सबै वस्तुहरुमा अन्तःशुल्कको दरलाई क्रमशः घटाउदै तीन वर्ष भित्र शुन्य गर्नुपर्ने ।
- उद्योगको लागि चाहिने कच्चा पदार्थ र प्याकेगि मेटेरियलमा अन्तःशुल्क नलाग्ने व्यवस्था गर्नुपर्ने ।
- विविध कारणले नवीकरण हुन नसकेका अन्तःशुल्क इजाजत पत्र दुई वर्षको अन्तःशुल्क बुझाएमा शुल्क, ब्याज तथा जरिवाना नलगाई नवीकरण गर्ने व्यवस्था गर्नुपर्ने
- जरिवानाका दरहरु कसुरको आधारमा समानुपातिक बनाई घटाइनुपर्ने
- हालको जरिवानाको ब्याजलाई १५ प्रतिशतबाट घटाएर १० प्रतिशत गरिनुपर्ने ।

## कर सम्बन्धी कानूनी व्यवस्था तथा न्याय प्रणाली

- कर सम्बन्धि विवादको सिघ्र निरुपण गर्न स्थायी प्रकृतिको विवाद समाधान संयन्त्र गठन गर्नुपर्ने
- राजस्व न्यायाधिकरणको पुर्नसंरचना गरि स्वतन्त्र व्यक्ति रहने व्यवस्था गर्नुपर्ने
- राजस्व न्यायाधिकरणमा ५० प्रतिशत धरौटी अत्याधिक भएकोले १० प्रतिशत गर्नुपर्ने
- करदाताको पक्षमा फैसला भएमा फिर्ता पाउने रकममा ब्याज समेत दिइनुपर्ने
- राजस्व सम्बन्धि प्रशासकीय पुनरावलोकन, न्यायाधिकरण र अदालतमा नजीरलाई आधार बनाइ निरुपण गर्नुपर्ने ।
- एक महानगर, उपमहानगर र नगरपालिका क्षेत्रभित्र VCTS लागु हुन नहुने र Business to Business मा मात्र लागु गर्नुपर्ने ।

**आवास, भवन र सहरी पूर्वाधार**

- रियल स्टेट र हाउजिङ्ग क्षेत्रलाई उद्योग सरह मान्यता दिनुपर्ने
- ल्याण्डपुलिङ्ग र हाउस पुलिङ्गका आयोजना सञ्चालनमा निजी क्षेत्रको सहभागीतालाई प्रोत्साहित गर्नुपर्ने
- आवासविहीन नेपाली नागरिकलाई उपयुक्त, सहज र सुरक्षित आवास सुविधा उपलब्ध गराउन कम लागतको आवास (लो-कष्ट हाउजिङ) निर्माणमा निजी क्षेत्रलाई सहभागी गराउनुपर्ने ।

**श्रम**

- निजी क्षेत्रको प्रत्यक्ष सहभागिता रहनेगरी सीपमुलक तालिम संचालन गर्ने
- उत्पादकत्वमा आधारित ज्याला प्रणाली कार्यान्वयन गर्नुपर्ने
- निजी क्षेत्र समेतको सहभागितामा बैदेशिक रोजगार व्यस्थापन रणनीति बनाई मर्यादित र सुरक्षित बैदेशिक रोजगारी संग विदेशबाट फर्केकालाई उद्यमगर्न सहजिकरण गर्ने ।

धन्यवाद !